नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

(सार्वजनिक सम्पत्ति तथा दायित्व व्यवस्थापन शाखा)

पत्रसंख्याः २०८१/८२ मितिः २०८१।०८।१२

चलानी नं. १०२

विषयः घरजग्गा र सवारी साधनको विवरण PAMS प्रणालीमा प्रविष्ट गर्ने र प्रणाली प्रयोगको सुनिश्चिता गर्ने सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै।

प्रस्तुत विषयमा, PAMS प्रणालीको अनिवार्य कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७७।०७।२० निर्णय र यस कार्यालयको मिति २०८१।०४।२० च.नं. २३ र २४ को पत्रबाट "मिति २०८१।०४।२० बाट नया **PAMS V2** लागु हुने" बेहोरा तहाँ कार्यालयहरू मार्फत सबै सार्वजनिक निकायहरूमा जानकारी गराईसकिएको छ।यद्यपी, अधिकांश कार्यालयहरुबाट पूर्ण विवरणहरु(घरजग्गा समेत) प्रणालीमा प्रविष्ट भएको पाईएको छैन। यस सन्दर्भमा, मिति २०८१/०८/०४ को सचिव बैठकको निर्णयानुसार *"सबै सार्वजनिक निकायलाई सार्वजनिक जग्गा तथा सवारी साधनको विवरण कोलेनिका मार्फत **PAMS** मा अनिवार्य अद्यावधिक गर्न लागाई जग्गाको अद्यावधिक विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सवारी साधनको विवरण भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयलाई उपलब्ध गराउने।"* भनी यस कार्यालयमा लेखी आएको हुदा, देहायका कार्य ७(सात) कार्य दिनभित्र कार्यान्वयन गर्नुहुन मिति २०८१।०८।०९ को निर्णयानुसार अनुरोध छ।

(१) तहाँ कार्यालयको क्षेत्राधिकार भित्र रहेका कार्यालयहरुको घरजग्गाको विवरण PAMS प्रणालीमा अनिवार्य प्रविष्ट गर्नुहुन/गर्न लगाउनुहुन र सो को अनुगमन गर्नुहुन।

(२) तहाँ कार्यालयको क्षेत्राधिकार भित्र रहेका कार्यालयहरुमा रहेका सवारी साधनको विवरण PAMS प्रणालीमा अनिवार्य प्रविष्ट गर्नुहुन/गर्न लगाउनुहुन र सो को अनुगमन गर्नुहुन।

(३) सबै सार्वजनिक निकायमा PAMS मा सार्वजनिक सम्पत्ति तथा जिन्सीको अभिलेख अद्यावधिक रहेको र प्रणाली मार्फत कार्यसम्पादन भएको बेहोराको अनुगमन गर्नुहुन।

..............................
शंकर न्यौपाने
लेखा अधिकृत

Scanned with CamScanner